# प्रेस विज्ञप्ती

## सिद्धार्थ बैंकको सहयोगमा नि:शुल्क पाठेघरको क्यान्सर जाँच शिविर

ज्येष्ठ २०, २०८०

सिद्धार्थ बैंकको सहयोगमा २०८० ज्येष्ठ २० गते शनिबार चन्द्रागिरी नगरपालिका, वडा नं ०४ मा अवस्थित प्राथमिक अस्पताल थानकोट परिसरमा नि:शुल्क पाठेघरको मुखको क्यान्सर जाँच शिविर आयोजना भएको छ । उक्त कार्यक्रम सिद्धार्थ बैंक, नेपाल क्यान्सर केयर फाउण्डेसन र प्राथमिक अस्पताल थानकोटको सहकार्यमा आयोजना गरिएको हो ।

पाठेघर क्यान्सरको सचेतनाका साथ महिला स्वास्थ्यको सुधारमा पहल गर्दै आयोजना गरिएको उक्त शिविरमा १५८ जना महिलाहरुको पाठेघर परिक्षण गरिएको थियो । बैंकले विभिन्न सामाजिक कार्यहरूमा सहभागिता जनाउदै आएको र आगामी दिनहरुमा पनि यस्ता सामाजिक कार्यहरुलाई सधैं आफ्नो उच्च प्राथमिकतामा राखि निरन्तरता दिँदै जाने उद्देश्य बैंकको रहेको छ जसले समाजमा सकारात्मक प्रभाव पुग्छ भन्ने बैंकले विश्वास लिएको छ ।

सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बैंकले देशैभर १९५ वटा शाखा (५ एक्स्टेन्सन् काउन्टर सहित), ११९ शाखा रहित बैंकिङ्ग सेवा, २२० एटिएम मार्फत् ग्राहकलाई उच्चस्तरिय र आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।